# तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको प्रेस विज्ञप्ती

पर्यटन विकासको मूल एवं विशेष उदेश्य लिई विकास समिति ऐन, २०१३ बमोजिम संस्थापित संस्था (कर्पोरेट बडी) तारागाँउ विकास समितिको सूचित उदेश्य कार्यान्वयन गर्नका निमित्त पब्लिक लिमिटेड कम्पनी स्थापना गरी ३०० कोठाको उच्च स्तरिय पाँचतारे होटल संचालन गर्ने प्रयोजनका लागि समितिले निर्णय गरी आव्हान गरेको प्रस्तावहरु मध्ये सराफ तथा श्रेष्ठ परिवारको प्रस्ताव उत्कृष्ट भएको ठहऱ्याई मिति २०४९।०६।२२ तदनुसार 8th October, 1992 मा तारा गाउँ विकास समिति र संयुक्त लगानीकर्ता संस्थापक बिच संयुक्त लगानी सम्झौता (Joint Venture Agreement, JVA) भएको र तत्कालीन श्री ५ को सरकार मन्त्री परिषदले उक्त JVA स्वीकृती प्रदान गरे पश्चात कम्पनी ऐन, २०२१ अन्तर्गत मिति २०४९ तदनुसार ८ अप्रिल १९९३ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा तारागाउं रिजेन्सी होटल्स लि. नामक कम्पनी दर्ता भएको हो ।

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड सयुक्त लगानी सम्झौताको उदेश्य पुर्णरुपले परिपुर्ति गरी एउटा दक्षिण एशिया कै नमुनाको रुपमा रहेको नेपालको एक्लो उच्च स्तरको डिलक्स पाँच तारे होटल देशको पर्यटन उद्योग नै धरासायी भएको विभिन्न प्रतिकुल अवस्थामा तयार भई हाल मुलुकको पर्यटन उद्योगमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने थप परियोजना निमार्ण गर्ने वृहत कार्यक्रम सहित देशको पर्यटन क्षेत्रमा सव भन्दा वढी सफल भई सव भन्दा वढी विदेशी मुद्रा आर्जन गरी, सव भन्दा बढी कर तिर्ने ऋणमुक्त कम्पनीको रुपमा नेपाल सरकारबाट पटक पटक पुरस्कृत भईसकेको यस कम्पनी तथा कम्पनीसँग आवद्ध ३२ हजार भन्दा बढी शेयरधनीहरुको साख, एवं प्रतिष्ठामा समेत आघात पुऱ्याउने कलुषित भावनाबाट प्रेरित भई आफ्नो निहित स्वार्थको लागि केही व्यक्तिहरु ( Vested Interest Group) ले केही पत्रपत्रिका तथा अनलाईन समाचार माध्यमहरुलाई समेत Mislead गरी सो पत्रपत्रिका मार्फत बिल्कुलै कपोलकल्पित, भ्रामक, आधारहिन, असत्य, समाचार सम्प्रेषण गरी आएकोमा यस कम्पनीको विशेष ध्यानाकर्षण भएको कुरा पाठक वर्ग, कम्पनीसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवाला, शेयरधनीहरु, एवं ग्राहकवर्गहरुमा जानकारी गराउदै उक्त समाचारहरु प्रति खेद प्रकट गर्न चाहन्छौ ।

अतः राज्यले उच्च प्राथमिकतामा राखेको वैदेशीक तथा स्वदेशी लगानी मार्फत उत्पादन मुलक प्रवर्द्धनमा नकारात्मक सन्देश तथा असर पर्न सक्ने यस किसिमका आम जनमानसलाई दिग्भ्रमीत गर्ने समाचार प्रति सजग रहँदै, भ्रमित नहुन आग्रह गर्दै, त्यस्ता समाचारको पूर्ण रुपले खण्डन गर्न चाहन्छौ । प्रेषित समाचारहरुमा उल्लेखित आधारहिन विवरणहरु विरुद्ध वास्तविक सत्य तथ्य निम्न अनुसार भएको व्योहोरा अवगत गराउन चाहन्छौं ।

(बाँकी पृष्ठ ५ मा क्रमशः)